Accredited by University Grants Commission (UGC) Nepal 2020

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक क्याम्पस

PULCHOWK CAMPUS

Pulchowk, Lalitpur

च.नं. १८२६/०८१/०८२

मिति: २०८१/११/२३

श्री सिभिल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री आर्किटेक्चर विभाग,
पुल्चोक क्याम्पस ।

श्री मेकानिकल एण्ड एरोस्पेश इ. विभाग
पुल्चोक क्याम्पस।

श्री इलेक्ट्रोनिक्स तथा कम्प्युटर इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री इलेक्ट्रिकल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री एप्लाइड साइन्सेस एण्ड के. इ. विभाग
पुल्चोक क्याम्पस।

## विषय: स्नातक (बी.ई./बी.आर्क.) तहको Online परीक्षा फाराम भर्ने सूचना ।

इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाको च.नं. ९९९/०८०/०८१ र १०००/०८१/०८२ मिति २०८१/११/२७ गतेको पत्रमा उल्लेख भएअनुसार २०८२ बैशाख महिनामा संचालन गरिने स्नातक तह B.E. / B.Arch सबै वर्ष प्रथम खण्ड (पुरानो पाठ्यक्रम) र B.E. / B.Arch प्रथम वर्ष दोस्रो खण्ड (नयाँ पाठ्यक्रम)को पुनः परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा नियन्त्रण महाशाखाको पत्रमा उल्लेख भएबमोजिमको मिति र समयमा Online परीक्षा फाराम भरी यस क्याम्पसको आर्थिक शाखामा Token No. सहितको Payment Confirmation Slip अनिवार्य रुपमा बुझाउन हुन यसै सूचना मार्फत सूचित गराईन्छ ।

**संलग्न: इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाको पत्र थान २**

---------------------
अर्चना जोशी
प्रमुख, शैक्षिक प्रशासन शाखा

बोधार्थ

- श्री नयाँ/महिला छात्रावास, पुल्चोक क्याम्पस ।
- श्री स्व.वि.यू., पुलचोक क्याम्पस ।

बोधार्थ तथा कार्यार्थ

- श्री आर्थिक प्रशासन शाखा, पुल्चोक क्याम्पस ।
- श्री सूचना तथा प्रविधी केन्द्र, पुल्चोक क्याम्पस ॥ पुल्चोक क्याम्पसको Web Site: www.pcampus.edu.np मा राखिदिन हुन ।।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
डीनको कार्यालय
OFFICE OF DEAN
परीक्षा नियन्त्रण महाशाखा
EXAMINATION CONTROL DIVISION
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
पुल्चोक, ललितपुर, नेपाल
फोन: ५२६८६६६, ५२६८७५७
फ्याक्स: ५२६८१२६

च.न.: ६६७-०८०/०८१

प्रकाशित मिति : २०८१।११।२७

# Online परीक्षा फाराम भर्ने सूचना

इ.अ.सं., परीक्षा नियन्त्रण महाशाखाद्वारा मिति २०८२ वैशाख महिनामा संचालन गरिने B.E./ B.Arch. (पुरानो पाठ्यक्रम) सबै वर्ष प्रथम खण्डको पुनः परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले मिति २०८१।११।२७ गते बिहान १०:०० बजेदेखि २०८१।१२।१२ गते ५:०० बजेसम्म *http://exam.ioe.edu.np* मा रहेको **Bachelor Level Login** बाट Online परीक्षा फाराम भर्न यो सूचना प्रकाशित गरिएको छ । साथै सम्बन्धित क्याम्पस/कलेजहरुले यसैलाई सूचना आ-आफ्ना विद्यार्थीहरुलाई Online परीक्षा फाराम भर्न/भराउनका लागि जानकारी गराइन्छ ।

१. विद्यार्थीले आफ्नो Portal मा हालसालै खिचेको चस्मा नलगाएको, दुवै कान देखिने, सादा पृष्ठ छाँया (Background plain) भएको, पासपोर्ट साइजको फोटो साथै आफ्नो Signature Update गरी Online Form मा माग गरिएको सम्पूर्ण विवरणहरु साथै पुनः परीक्षाको लागि अनुतिर्ण भएका सबै विषयहरु अनिवार्य रुपमा भरी परीक्षा फाराम Register गर्नु पर्नेछ ।
२. Online परीक्षा फाराम भर्ने परीक्षार्थीहरुले सम्बन्धित क्याम्पसमा तोकिएको शुल्क तिरी क्याम्पसबाट उपलब्ध गराउने Payment Confirmation Slip मा Online Form Submit गर्दा उपलब्ध हुने Token No. सहित भरी अनिवार्य रुपमा बुझाई Online परीक्षा फाराम Verification गराउनु पर्नेछ ।
३. परीक्षार्थीहरुले आवश्यक परीक्षा शुल्क तिरेको बैंक भौचर तथा Payment Confirmation Slip बुझिलिई परीक्षार्थीले भरेको Online Exam Form Verification गरी सम्बन्धित क्याम्पसहरुले २४ घण्टा भित्र Approve गर्नुपर्नेछ । Approve नगरे सम्म Submit गरेको परीक्षा फाराम Accept हुने छैन।
४. तोकिएको समय २०८१।१२।१२ गते ५:०० बजेभित्र Online Exam Form भरी बैंक भौचर तथा Payment Confirmation Slip नबुझाउने परीक्षार्थीहरुले मिति २०८१।१२।१३ गते देखि २०८१।१२।१९ गते ४:०० बजेसम्म तोकिएको परीक्षा शुल्कको साथसाथै विशेष विलम्ब शुल्क २०७६ ब्याच देखि २०७९ ब्याच सम्म रु.२,०००।००(रुपैयाँ दुइ हजार मात्र) र अन्य ब्याचका लागि रु.१,०००।०० (रुपैयाँ एक हजार मात्र) तिर्ई परीक्षा फाराम भर्न सक्नेछन । उपरोक्त मिति पछि Online Form स्वतः बन्द हुनेछ ।
५. उपरोक्त म्याद भित्र पनि परीक्षा फाराम भर्न छुट हुन गएमा इ.अ.सं.को **विशेष व्यवस्था** भए अनुसार मिति २०८२।०१।०२ गते दिउँसो २:०० बजे सम्म यस परीक्षा नियन्त्रण महाशाखामा स्वयं उपस्थित भई सम्पर्क गर्न पर्नेछ ।
६. Online Form Register गर्दा कुनै समस्या आएमा ***semesterexam@ioe.edu.np*** मा यथाशिघ्र जानकारी गराउन सूचित गरिन्छ ।

द्रष्टव्यः स्नातक तह (B.E.) २०७३ भर्ना समूह र आर्किटेक्चर (B.Arch) २०७१ भर्ना समूहको उक्त खण्डको परीक्षामा पुनः एक पटक सम्मिलित हुन पाउने ब्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

सुरज लामिछाने (पिएच. डी)
सहायक डीन

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
डीनको कार्यालय
OFFICE OF DEAN
परीक्षा नियन्त्रण महाशाखा
EXAMINATION CONTROL DIVISION
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
पुल्चोक, ललितपुर, नेपाल
फोन: ५२६८६३६, ५२६८७१३
फ्याक्स: ५२६८१२९

च.नं.: १००० -०८१/०८२

प्रकाशित मिति : २०८१।११।२७

# Online परीक्षा फाराम भर्ने सूचना

इ.अ.सं., परीक्षा नियन्त्रण महाशाखाद्वारा मिति २०८२ वैशाख महिनामा संचालन गरिने B.E./B.Arch. सवै कार्यक्रम प्रथम वर्ष दोश्रो खण्ड (नयाँ पाठ्क्रम) पुन:परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले मिति २०८१।१२।०३ गते बिहान १०:०० वजेदेखि २०८१।१२।१७ गते ५:०० वजेसम्म *http://exam.ioe.edu.np* मा रहेको **Bachelor Level Login** बाट Online परीक्षा फाराम भर्न यो सूचना प्रकाशित गरिएको छ । साथै सम्वन्धित क्याम्पस / कलेजहरुले यसैलाई सूचना आ-आफ्ना विद्यार्थीहरुलाई Online परीक्षा फाराम भर्न/भराउनका लागि जानकारी गराइन्छ ।

१. विद्यार्थीले आफ्नो Portal मा हालसालै खिचेको चस्मा नलगाएको, दुवै कान देखिने, सादा पृष्ठ छाँया (Background plain) भएको, पासपोर्ट साइजको फोटो साथै आफ्नो Signature Update गरी Online Form मा माग गरिएको सम्पूर्ण विवरणहरु साथै पुन: परीक्षाको लागि अनुत्तिर्ण भएका सबै विषयहरु अनिवार्य रुपमा भरी परीक्षा फाराम Register गर्नु पर्नेछ ।

२. Online परीक्षा फाराम भर्ने परीक्षार्थीहरुले सम्वन्धित क्याम्पसमा तोकिएको शुल्क तिरी क्याम्पसवाट उपलब्ध गराउने Payment Confirmation Slip मा Online Form Submit गर्दा उपलब्ध हुने Token No. सहित भरी अनिवार्य रुपमा वुझाई Online परीक्षा फाराम Verification गराउनु पर्नेछ ।

३. परीक्षार्थीहरुले आवश्यक परीक्षा शुल्क तिरेको बैंक भौचर तथा Payment Confirmation Slip बुझिलिई परीक्षार्थीले भरेको Online Exam Form Verification गरी सम्वन्धित क्याम्पसहरुले २४ घण्टा भित्र Approve गर्नुपर्नेछ । Approve नगरे सम्म Submit गरेको परीक्षा फारम Accept हुने छैन।

४. तोकिएको समय २०८१।१२।१७ गते ५:०० वजेभित्र Online Exam Form भरी बैंक भौचर तथा Payment Confirmation Slip नबुझाउने परीक्षार्थीहरुले मिति २०८१।१२।१८ गते देखि २०८१।१२।२५ गते ४:०० वजेसम्म तोकिएको परीक्षा शुल्कको साथसाथै **विशेष विलम्व शुल्क .२,५००।००(रुपैयाँ दुइ हजार पाँच सय मात्र)** तिरी परीक्षा फाराम भर्न सक्नेछन । उपरोक्त मिति पछि Online Form स्वत: बन्द हुनेछ ।

५. उपरोक्त म्याद भित्र पनि परीक्षा फाराम भर्न छुट हुन गएमा इ.अ.सं.को विशेष व्यवस्था भए अनुसार मिति **२०८२।०१।०२ गते दिउँसो २:०० वजे सम्म** यस परीक्षा नियन्त्रण महाशाखामा स्वंय उपस्थित भई सम्पर्क गर्नु पर्नेछ ।

६. Online Form Register गर्दा कुनै समस्या आएमा *semesterexam@ioe.edu.np* मा यथाशिघ्र जानकारी गराउन सूचित गरिन्छ ।

सुरज लामिछाने (पिएच. डी)
सहायक डीन